कञ्चन गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
कञ्चन–२ गजेडी, रुपन्देही, ५ नं. प्रदेश नेपाल

प्रथम पटक प्रकाशित मिति : २०७५।११।०८

## नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण गर्ने कार्यको १५ दिने बोलपत्र आव्हान सम्बन्धि सूचना

नेपालको संविधानको धारा अनुसुची ९(६), स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ को १(च), ५ नं. प्रदेश सरकारबाट जारी भएको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को परिच्छेद ३ दफा ७ को उपदफा २ को व्यवस्था अन्तर्गत रही देहायको नदिघाटबाट ठेक्का प्रक्रियाद्वारा नदिजन्य पदार्थको उत्खनन्, संकलन, घाटगद्दी र बिक्री बितरण गराउन आवश्यक भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित नेपाल कानुन बमोजिम दर्ता भै प्रमाणपत्र लिएका ठेकेदार/ फर्मले टेण्डर खरिद गरी तपशिलको शर्तका आधारमा आफुले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाइ आफै वा आफ्नो प्रतिनिधिद्वारा ठेक्का नंम्बर उल्लेख गरी सिलबन्दी बोलपत्र दिनु पर्नेछ ।

यसरी बोलपत्र दिंदा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत बोलपत्र साथ राखी आफुले बुझाउन कबुल गरेको ठेक्का अंकको ५% का दरले हुने गरी धरौटी बापतको रकम यस कन्चन गाँउपालिकाको नाममा एन्.आइ.सी. एशिया बैंक रुद्रपुर शाखामा रहेको धरौटी खाता नं. BOCA503262524005 मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्रबैंक बाट इजाजत प्राप्त बाणिज्य बैंक बाट यस कार्यालयको नाममा ठेक्का नं. समेत उल्लेख गरी जारी गरिएको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि १२० दिन म्याद भएको बैंक ग्यारेन्टी ( बिडबण्ड ) बोलपत्र साथ राखी निर्दिष्ठ स्थानमा बोलपत्रदाताको सही छाप भएको सिलबन्दी बोलपत्र पेश गर्नुपर्नेछ । म्याद नाघि आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारबाही गरिनेछैन । यस कार्यालयको छाप नभएको र कार्यालयको आधिकारीक पदाधिकारीबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने लगायतका सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी जफत हुनेछ । बोलपत्र दाखिला गर्न अगावै सम्बन्धित बोलपत्रदाताले उत्खनन् गर्न तोकिएको स्थान निरीक्षण गरेर मात्र बोलपत्र दाखिला गर्नुपर्नेछ । पछि परिमाणमा कमी आएको भनी कुनै किसिमको दावी गर्न पाइनेछैन । बोलपत्र खोलिने समयमा बोलपत्रदाता स्वंयम् वा आफ्नो प्रतिनिधि उपस्थित हुनुपर्नेछ र बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि बोलपत्र खोल्न सकिने छ । ठेक्का सम्बन्धि शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछ ।

| सि.नं. | आ.व. ठे.नं. | ठेगाना | नदी र घाटको नाम | चार किल्ला तोकिएको स्थानबाट उत्खनन् गर्नुपर्ने अनुमानित परिमाण घनफुटमा | जम्मा न्युनतम अंक ( मू.अ.कर बाहेक ) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ३/०७५/०७६ | कञ्चन गा.पा. वडा नं. १,२ र ४ | कञ्चन नदी, IEE मा उल्लेख भए बमोजिम विभिन्न १८ वटा | १४,५४,०३३।४४ | १,००,३२,८३०।८० | ३,०००।०० |

१. बोलपत्र बिक्री हुने अन्तिम मिति, समयः सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म ।
२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति, समयः सूचना प्रकाशित भएको मितिले १६ औं दिनको ठिक १२:००बजे सम्म ।
३. बोलपत्र बिक्री हुने स्थानः कञ्चन गाँउपालिका कार्यालय, रुपन्देही ।
४. बोलपत्र दाखिला हुने स्थानः कञ्चन गाँउपालिका कार्यालय, रुपन्देही ।
५. बोलपत्र खोलिने स्थान, मिति, समय : कञ्चन गाँउपालिका कार्यालय, रुपन्देही बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिउसो ठिक १:०० बजे ।
६.ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७६ जेष्ठ मसान्त सम्म रहनेछ । म्याद थप हुनेछैन ।

नोट :

- बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट सोही समयमा हुनेछ ।
- उत्खनन् परिमाण ( घनफुट ×६ ) को योगफलमा १५%ले हुनेओभर हेड जोडेर न्युनतम अंक कायम गरिएको छ ।
- विस्तृत जानकारीको लागि यस कार्यालयको website- www. kanchanmun.gov.np मा हेर्न सकिने छ साथै यस कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, गजेडी, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

**ठेक्का सम्बन्धि शर्तहरु :**

१. प्रचलित नेपाल कानुन बमोजिम मू.अ.करमा दर्ता भै प्रमाणपत्र लिएका ठेकेदार फर्महरुले टेण्डर खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्नुपर्नेछ ।

२. बोलपत्रदाताको न्युनतम ठेक्का अंक भन्दा घटि कबोल गरी टेण्डर पेश गर्न पाइनेछैन । बोलपत्रमा लेखिएका अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइनेछ । ठेकेदारबाट कुनै शर्त राखिएको र रित नपुगेको बोलपत्रमाथि कुनै कारबाही गरिनेछैन ।

३. उपरोक्त न्युनतम अंकमा मूल्य अभिवृद्दी कर तथा अग्रिम आयकर समावेश गरिएको छैन । ठेकेदारले रोयल्टी असुल गर्दा तोकिए बमोजिमको मूल्य अभिवृद्दी कर समेत असुल गर्नुपर्नेछ ।

४. ठेकेदारहरुले ठेक्का अंकको ५०% हुने रकम, सोको मू.अ.कर बापतको रकम र १.५% हुने अग्रिम आयकर वापतको रकम एकमुष्ट ठेक्का सम्झौताको बखत जम्मा गर्नुपर्नेछ र बाँकी हुने ५०% रकम ०७६ साल बैशाख मसान्त भित्र वा घाटगद्दीको कुल परिमाणको ७५% परिमाण मध्ये जुन पहिला हुन्छ सोही मितिमा बुझाउनु पर्नेछ । ठेक्का सम्झौताका बखत बुझाउन बाँकी ५०% रकम बराबरको बैंक ग्यारेन्टी ( नेपाल राष्ट्रबैंक बाट इजाजत प्राप्त वाणिज्य बैंकको २०७६ श्रावण मसान्त सम्म म्याद भएको परफरमेन्स बण्ड पेश गर्नुपर्नेछ ।

५. गाँउपालिका र ठेकेदार विच ठेक्का संचालन सम्बन्धि विवाद परि वा अन्य कुनै कारणबाट गाँउपालिकालाइ तिर्नुपर्ने रकम बाँकी रही असुल उपर गर्नुपर्नेमा वार्षिक १०% का दरले हर्जाना व्याज क्षतीपुर्ती र मुद्दा मामिला गर्दा हुने सम्पूर्ण खर्च समेत ठेकेदारबाट असुल उपर गरिनेछ ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाँउपालिकाको तर्फबाट ठेक्का तोडी बिक्री आदेश रोक्का गरी बाँकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानुनी कारवाही गरिनेछ । असुल उपर गर्न बाँकी रहेको रकममा वार्षिक १०% थप क्षतिपुर्ती स्वरुप असुल उपर गरिनेछ ।

७. कुनै हड्ताल, बन्द, नाकाबन्दी, चक्काजाम, स्थानीय विवाद वा यस्तै अन्य कारणबाट बस्तु निकासी नभएको वा अन्य कुनै कारणबाट घाटा भएको भनि कुनै प्रकारको मिन्हा वा छुट दावा गर्न पाइनेछैन ।

८. यस गाँउपालिकामा बक्यौता तिर्न बाँकी रहेका व्यक्ति वा फर्महरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म बोलपत्रमा भाग लिन पाउने छैनन् ।

**उत्खनन् सम्बन्धि शर्तहरु :**

१. ठेक्का स्वीकृत भएपछि गाँउपालिकाबाट प्राविधिक बाट उत्खनन् स्थलको चारैतर्फ सिमांकन गरिनेछ । सोही सिमाक्षेत्र भित्रबाट मात्र नदीजन्य पदार्थको उत्खनन् एवं संकलन गर्नुपर्नेछ ।

२. IEE प्रतिवेदन बमोजिम स्थानीय जनशक्तिबाट हात र हाते औजार जस्तै सावेल हतौडा कोदालो गैंची आदि लगायत साम्रगीको प्रयोग गर्ने र भारी यान्त्रीक उपकरण को प्रयोग गर्नै पर्ने भए उचित कारण खोली प्रस्ताव पेश गरेमा प्राविधिक बोर्डको निर्णयअनुसार यान्त्रिक उपकरण समेत प्रयोग गर्न सकिनेछ ।

३. उत्खनन् गर्ने नदी/घाट वरपर रहेका नदी संरक्षणको कार्यमा संलग्न समितिका व्यक्तिसँग आवश्यक समन्वय गरेर उत्खनन् गर्नुपर्नेछ ।

४. उत्खनन्को समय बिहान ७:०० बजेदेखि प्रारम्भ गरी साँझ ६:०० बजे सम्म मात्र गर्नुपर्नेछ ।

५. उत्खनन् गरेको नदिजन्य पर्दाथ सिधै बिक्री वितरण नगरि तोकिएको स्थानमा घाटगद्दी गर्नुपर्नेछ ।

६. उत्खनन् गर्दा नदिको धारलाई असर नपार्ने गरी उत्खनन् गर्नुपर्नेछ । उत्खनन् क्रममा काम नलाग्ने भनि छाडिएका मालबस्तु नदिको धारलाई असर पार्ने गरी यत्रतत्र छाड्न पाइनेछैन । यस्ता पर्दाथ जुन स्थानबाट निकालिएको हो सोही स्थलमा मिलाएर राख्नुपर्नेछ ।

प्रसाद पन्थी

७. तोकिएको क्षेत्र बाहेक अन्य स्थानबाट उत्खननु गरेको पाइएमा वा सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढि उत्खनन् पाइएमा सोको परिणाम यकिन गरी ठेकेदारबाट दोब्बर राजस्व असुली गरिनेछ ।

**बिक्री वितरण तथा ओसार पसार सम्बन्धि शर्तहरु :**

१. नदीजन्य पर्दाथ बिक्रि गर्नपुर्व ठेकेदारले सिलसिलेवार नम्बर सहितको तिन प्रति भएको कर विजक रसिदहरु छपाइ यस कार्यालयबाट प्रमाणित गराउनुपर्नेछ । विक्रीवितरण गर्दा अनिवार्य रुपमा खरिद कर्तालाई पहिलो रसिद दिनुपर्नेछ । कर विजक बेगर मालबस्तु बिक्री बितरण वा ओसार पसार गर्न पाइनेछैन ।

२. ढुवानी गर्दा सवारी साधनको ट्रोली/ढाला भन्दा माथि सम्म आउने गरी मालबस्तु भरेर बाटोमा खसाल्दै ढुवानी गर्न पाइनेछैन । साथै टोली/ढाला राम्रोसँग बन्द गरी बाटोमा नखस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३. ढुवानी गर्ने सवारीले घाटगद्दी स्थलबाटै राम्रोसँग ढाकेर लैजानुपर्नेछ र सवारीको गति समेत ४० कि.मी.प्रति घण्टा भन्दा बढिमा हाक्न पाउनेछैन ।

४. ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

५. नेपाल सरकारको निर्णय अनुसार नदीजन्य पदार्थ विदेश निकासी बन्द भएको हुँदा यस ठेक्का लिएको कारणबाट विदेश निकासी गर्न पाउनेछैन ।

अन्य शर्तहरु :

१. मूलबाटोबाट घाट तर्फ सवारी साधन प्रवेश हुने मार्गको नियमित मरमत गर्ने कार्य ठेकेदारको तर्फबाट गर्नुपर्नेछ । सो वापतको खर्च रकम दावी गर्न पाइनेछैन ।

२. वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै कार्य गर्न पाइनेछैन । साथै IEE प्रतिवेदनमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ । साथै यस कार्यालयबाट समय समयमा दिएका निर्देशनहरु पालना गर्नुपर्नेछ ।

३. यसमा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत